ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक ८९
१८ पुस २०७९ सोमबार
2 Jun. 2023, Monday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# मधेस प्रदेश सरकार गठन अझै अन्योलमा




**खबर दर्पण समाचारदाता**

**पुस १७ गते, महेन्द्रनगर**

संघमा नेकपा एमालेसहित सातको समर्थनमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वमा सरकार गठन भए पनि मधेश प्रदेश सरकार गठनमा अझै अन्योलता कायमै रहेको देखिन्छ । अंक गणितको हिसाबले नयाँ बनेको सात गठबन्धन, एमाले, माओवादी केन्द्र, जसपा, जनमत, राप्रपा, नागरिक उन्मुक्ति पार्टीहरु मिलेर मधेश प्रदेशका बलियो सरकार बनाउन सक्छन् ,तर मधेश प्रदेश सरकारको नेतृत्व गर्ने सबालमा मधेश केन्द्रित दुई दल जसपा र जनमतबीच सहमति हुने वातावरण नदेखिएपछि प्रदेश सरकार गठनको विषय अझै अन्योलमा देखिन्छ। हुनत एमालेका अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले मधेश सरकारको नेतृत्व आधि- आधि कार्यकाल जसपा र जनमतलाई दिने विषयमा मोटामोटि सहमत भइसकेका छन्, तर सरकारको पहिलो चरणको नेतृत्व कसलाई दिने विषयमा उनीहरु पनि कुनै धारणा सार्वजनिक गरेका छैनन् ।

यता, दुबै दलका नेता प्रदेश सरकारको आधि-आधि कार्यकाल संचालन गर्ने विषयमा सहमति हुनसक्ने धारणा राखे पनि सरकारको पहिलो अवधिको नेतृत्व आफूले नै गर्न पाउनुपर्ने अडान लिइरहेको देखिन्छ । हुनत जसपाले प्रचण्ड नेतृत्वको सरकारको समर्थन गरे पनि औपचारिक रुपमा अझै आफ्ना मागबारे कुनै धारणा अहिलेसम्म सार्वजनिक गर्न सकेको छैन । यद्यपि जसपा भित्र चल्ने आन्तरिक छलफलमा उपराष्ट्रपति, केन्द्रमा तीन मन्त्रालय र मधेश सरकारको नेतृत्वको माग गर्ने विषय उठने गरेको जसपाका एक नेताले बताए। त्यसैगरी, जनमतले केन्द्रमा दुई मन्त्रायलसहित मधेश प्रदेश सरकारको नेतृत्वको दाबी गर्दै आएको छ । तर दुबै दलले अहिलेसम्म आफ्नो माग बारे गठबन्धन दलसंग गम्भीर भइ कुरा अझै राख्ने सकेको छैन ।

अर्थात मधेश सरकारको नेतृत्वको विषयमा नयाँ गठबन्धन दल भित्र अहिलेसम्म कुनै गम्भीर छलफल हुन सकेको छैन ।

जसपा मधेश प्रदेशका अध्यक्ष र ामबाबु यादवले भने,'हामीले प्रचण्ड नेतृत्वको सरकारलाई समर्थन दिएका छौ, नयाँ गठबन्धनमा सहभागी भएका छैनौ, समर्थन दिनु र गठबन्धन सहभागी हुनु दुबै अगल अलग कुरा हो। त्यसकारण अहिलेसम्म हामी सरकारमै जान्छौ भने अवस्था आएको छैन ।'

प्रचण्ड नेतृत्वको सरकारमा भए वा नभए पनि मधेश प्रदेशमा भने आफ्नो नेतृत्वमा सरकार बनाउन पार्टीले गृह कार्य गरिरहेको उनले स्पष्ट गरे । एक प्रश्नमा उनले भने,' जनमत नेतृत्वको सरकारमा हामी जादैनौ, जसपाले आफ्नो नेतृत्वमै सरकार बनाउने प्रयास गर्छ। त्यो नयाँ गठबन्धनबाट होस् वा कांग्रेससहितकोसँग मिलेर होस् । तर केन्द्रमा भने प्रचण्ड नेतृत्वकै सरकारलाई तत्काल समर्थन र हन्छ ।'

यता,जनमत पार्टीका केन्द्रीय सदस्य विपी साहले मधेश प्रदेश सरकारको पहिलो खेपको नेतृत्व जनमतले पाउनु पर्ने दाबी गरे । उनले भने,' जसपाले पाँच सालसम्म सरकारको नेतृत्व गरे, तर खासै केही गर्न सकेनन् । विकास निर्माणदेखि विभिन्न कार्यक्रमहरुमा भ्रष्टाचार भएको जग जाहेर छ । त्यस्तो अवस्थामा जसपा नेतृत्वको सरकारको सामेल भएर जनमत पार्टी त्यसको अपजसको भागिदार बन्न सक्दैनन् ।'पहिलो खेपमा मुख्यमन्त्री नपाएपछि नयाँ गबठन्धनमा बस्ने वा नसक्ने विषयमा पार्टीले पुनः विचार गर्नसक्ने उनको भनाइ थियो ।

# मधेश प्रदेशमा फेरि जसपाको सरकार बन्ने सम्भावना

**जनकपुरधाम-** संघीय सरकारका लागि हालै निर्माण भएको गठबन्धनमा रहेको जसपाले मधेश प्रदेशमा सरकारको नेतृत्व गर्ने सहमति भएको छ ।

उच्च स्रोतका अनुसार जसपाका अध्यक्ष उपेन्द्र यादव, एमालेका अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डबीच भएको सहमतिमा मधेश प्रदेशको सरकारको नेतृत्व जसपाले गर्ने सहमति भएको छ ।

सरकारको नेतृत्व पाएका जसपामा दलको नेता बन्न हानथाप सुरु भएको छ ।स्रोतका अनुसार जसपाले मुख्यमन्त्री र २ जना मन्त्री पाउने छ ।प्रदेश सरकारमा एमालेबाट बढी मन्त्री रहने छन् । सरकारमा माओवादी र जनमत पार्टीको पनि सहभागिता हुनेछ । जसपा संसदीय दलको नेता चयन भएपछि मात्र मधेश प्रदेशले नयाँ मुख्यमन्त्री पाउने छ ।

# मधेस प्रदेशसभाको पहिलो बैठक आज बस्दै

**दिपक कर्ण**

**पुस १७ गते, जनकपुर**

मधेस प्रदेशसभाको पहिलो अधिवेशन सोमबारका लागि बोलाइएको छ । नवनिर्वाचित प्रदेशसभा सदस्यहरुको शपथग्रहण पछि प्रदेशसभाको पहिलो बैठक बस्न लागेको हो ।

नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सोमबार दिउँसो १ बजेका लागि प्रदेश प्रमुख हरिशंकर मिश्रले अधिवेशन आह्वान गरेका हुन् ।प्रदेश सरकार मन्त्रीपरिषद्को बैठकबाट प्रदेशसभाको अधिवेशन आह्वान गर्ने निर्णय अनुसार सिफारिस भई आए अनुरुप संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख मिश्रबाट प्रदेशसभाको पहिलो अधिवेशन आह्वान गरिएको प्रदेश प्रमुखको कार्यालयका सचिव राजेन्द्र पराजुलीले बताए ।

सोमबारको पहिलो बैठकमा प्रदेश प्रमुखले अधिवेशन आह्वान गरेको पत्र प्रदेशसभा सदस्यहरुलाई पढेर सुनाउने पहिलो कार्यसूची रहेको प्रदेशसभा सचिवालयका सचिव रञ्जित यादवले जानकारी दिए। यसका साथै नयाँ प्रदेशसभा नियमावली नबनेसम्मका लागि पुरानै नियमावलीलाई अनुमोदन गर्ने कार्यसूची रहेको उनले बताए । उनका अनुसार प्रदेशसभाको बैठकमा सभामुखको चुनाव नभएसम्मका लागि अध्यक्ष मण्डल चयन गरिनेछ । प्रत्येक दलको प्रतिनिधित्व हुने गरी अध्यक्ष मण्डल बनाइने उनले बताए ।

त्यस्तै प्रत्येक दलबाट संसदीय दलको नेता वा प्रतिनिधिले शुभकामना मन्तव्य राख्ने कार्यसूचि रहेको छ । सोमबारकै बैठकबाट सभामुख र उपसभामुख चयनका लागि मनोनयन दर्ताको मिति तोकिने कार्यसूची रहेको सचिव यादवले बताए ।

मधेस प्रदेशमा सभामुख र उपसभासमुख चयनका लागि पुस ३० गते मनोनयन दर्ता गर्ने र माघ २ गते उम्मेदवारीको प्रस्तावलाई प्रदेशसभामा निर्णयार्थ पेस गरिने बताइएको छ ।

प्रदेशसभा सदस्यहरुले शपथग्रहण गरेको १५ दिनभित्र सभामुख र उपसभामुख चयन गर्ने कानुनी प्रावधान छ । मधेस प्रदेशसभाले नयाँ सभामुख नपाएसम्म सप्तरी-४ 'क' बाट निर्वाचित ज्येष्ठ सदस्य गोविन्द बहादुर न्यौपानेले प्रदेशसभाको अध्यक्षता गर्नेछन् ।

# टोपी दिवस मनाइयो

**खबर दर्पण समाचारदाता**

**पुस १७ गते, बर्दिवास**



महोत्तरीको बर्दिबासमा विविध कार्यक्रम गरी सातौं 'राष्ट्रिय टोपी दिवस' मनाइएको छ। 'नेपाली टोपी हाम्रो शान, पहिचान र स्वाभिमान' नाराका साथ दिवस मनाइएको हो । राष्ट्रिय झण्डा र ढाका टोपीसहित सिन्धुली रोडबाट आइतबार बिहान स्वतःस्फूर्त ढङ्गमा सुरु भएको युवाहरूको ऱ्याली बर्दिबास तीनकुने चोकमा पुगी कोणसभामा परिणत भएको थियो । टोपी दिवस मनाउन स्थानीय युवा, व्यापारी, राजनीतिक कर्मी तथा सर्वसाधारणको सहभागिता थियो । नेपाली समाजमा बढ्दै गएको पश्चिमा संस्कृतिको प्रभावलाई दूर गरी नेपालीत्वको संरक्षण संवर्द्धन गर्ने उद्देश्यले २०७० देखि अङ्ग्रेजी सम्वत (एन्नो डोमिनी) को नयाँ वर्षको दिन पारेर बर्दिबासमा हरेक वर्ष टोपी दिवस मनाउन थालिएको हो ।

यहाँ मनाइएको टोपी दिवसमा सबै जातजाति, धर्म र भाषाभाषिको सहभागिता थियो। यो सहभागिताले नेपाली टोपी सबै नेपालीको साझा पहिचान र एकताको प्रतीक भएको सन्देश दिएको बर्दिबासका युवा निरोज अधिकारीले बताउनुभयो । टोपी दिवसले सबै नेपालीबीच भावनात्मक एकताको सन्देशसमेत दिने भएकाले बर्दिबासमा हरेक वर्ष यो दिवस मनाइने गरिएको सहभागीले बताउनुभयो । 'नेपाली टोपी राष्ट्रिय पहिचान र स्वाभिमानको परिचायक भएकाले यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो' अधिकारीले भन्नुभयो ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# नयाँ सरकारसँग जनताको अपेक्ष

नेपालमा नयाँ सरकार गठनको रस्साकस्सी चलिरहेको थियो । युवा पुस्ताका नेता कसरी सरकारमा पुग्ने भन्ने जोडघटाउमा थिए । यसैबीच केही दिनअघि मात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेश जान लागेका कलिला उमेरका दुई किशोरले सबैको ध्यान खिचे । सामाजिक सञ्जालमा उनीहरूको फोटो भाइरल बन्यो । ठीक त्यही समय नेपालमा भने सरकार कसले चलाउने भनेर हानाथाप थियो । ती दुई युवा त उदाहरणका पात्र मात्र हुन्, उनीहरूजस्ता कैयौँ किशोर, किशोरी बिहान, बेलुकाको छाक टार्नकै लागि आफ्नो परिवारसँग विछोड भई विदेश जान बाध्य छन् । यसको प्रमुख कारण बेरोजगारी नै हो । चुनावका समयमा युवालाई रोजगारी दिलाउने भनेर चर्को नारा र घोषणापत्र बनाउने दलका नेता सत्तामा पुगेपछि देश हैन, आफू कसरी सुखी र सम्पन्न हुने भन्नेमा मात्र ध्यान दिनुको परिणाम हो यो । यस पटक पनि युवाका लागि देशमै रोजगारी सिर्जना गर्ने भनेर ठूलो गफ दिने नेता नेतृत्व तहमा पुगिसकेका छन् तर सधैं चर्को भाषण गर्ने व्यवहारमा उतार्न नसक्ने नेताबाट युवापुस्ताले झिनो आशा मात्र राखेका छन् । बर्सेनिजस्तो हुने सरकार परिवर्तनले युवाका मुद्दा खासै सम्बोधन भएको पाइँदैन । यस पटकको निर्वाचनपछि धेरै युवा राजनीतिक तहमा पुग्ने अपेक्षा गरिएको थियो तर सरकारको नेतृत्व भने पुरानै पुस्ताका नेतामा पुग्दा युवापुस्ता अझ निरास छन् । राजनीतिमा पुस्ता हस्तान्तरणको चर्को गफ छाँट्ने नेताले नै पुस्ता हस्तान्तरण नचाहँदा सत्ताको बागडोरमा पुनः पुरानै नेतृत्व हावी भएको अनुमान गर्न सकिन्छ । यसबाट आफ्नो पुस्ताको नेतृत्व पाउने आशामा बसेका युवा निराश बनेका मात्र छैनन्, राजनीतिमा भर्खरै स्थापित हुँदै गरेका युवा पनि निरास छन् । नेपालमा रोजगार त परको कुरा राहदानी लिनका लागिसमेत घण्टौँ लाइन र घुस दिनुपर्ने अवस्था छ । यस्तो अवस्थामा सरकारको नेतृत्व तहमा पुगेका युवालाई पुनः पुरानै पुस्ताका नेतासँग लडेर युवाका सवाल स्थापित गर्नका लागि कठिन देखिन्छ तर पनि संसद्मा पुगेका धेरै युवामध्ये केही युवा सरकारको नेतृत्वमा पुग्ने र युवापुस्ताका सवालमा केही हुने झिनो आशा भने जीवितै छ । देशमा युवाका लागि सबैभन्दा मूल समस्याका रूपमा रहेको बेरोजगारी नै हो । युवाका लागि नयाँ सरकारले मुख्य एजेन्डा बनाउनुपर्ने नै रोजगारी हो । यसका लागि केन्द्रीय सरकारले युवाका लागि युवा उद्यम बनाउने, स्थानीय उत्पादनमा प्रोत्साहन गर्ने, कृषि र पशुपालनमा अनुदानको व्यवस्था गर्ने, उद्योग र कलकारखाना स्थापना गर्ने, स्थानीय तहसम्मै युवाका लागि तालिमको अवसर दिनेलगायतका विषयलाई प्राथमिकतामा राख्नुपर्नेछ ।

# सांसद बन्ने यस्तो छ खनाल र यादवको दाउ

**खबर दर्पण समाचारदाता**

**पुस १७ गते, काठमाडौं**

यो चाहिँ पक्का हो, 'मलाई पनि राष्ट्रपति बन्ने चाहना छ' भनेर झलनाथ खनालले मुख खोलेको भएपनि एमाले अध्यक्ष केपी शर्मा ओलीले २०७२ र २०७४ का दुबै निर्वाचनमा नेता झलनाथ खनाललाई राष्ट्रपति बनाउने थिएनन्। तर, मुख खोलेनन् भन्दैमा यो कुरा भन्नु गलत हुनेछ कि, त्यो बेला खनालमा राष्ट्रपति बन्ने लालसा छँदै थिएन।

राष्ट्रपतिका लागि सम्भावित उम्मेदवारका रुपमा खनालको नाम त्यो बेला चर्चामा नआएको पनि होइन। तर, प्रधानमन्त्री जस्तो शक्तिशाली-कार्यकारी पदमा पुगिसकेको व्यक्ति 'सेरमोनियल' हैसियतको राष्ट्रपति बन्नु हुँदैन भन्ने आवाज उठ्यो। त्यही कारण ओलीलाई पनि भण्डारीलाई नै राष्ट्रपति बनाउने (२०७२) र निरन्तरता दिने (२०७४) निर्णय गर्न सहज भयो।

२०७४ मा त अझ एमाले-माओवादीबीच एकता हुने पक्का थियो। यस्तोमा प्रचण्डको समेत साथ पाएपछि ओलीले सहजरुपमा दोस्रो कार्यकालको राष्ट्रपतिमा भण्डारीलाई अघि बढाए।

त्यसपछि प्रधानमन्त्री र राष्ट्रपति जस्ता दुई शीर्ष जिम्मेवारी सम्हालेर आफ्नो नाम इतिहासमा लेखाउने खनालको 'योजना' चाहनामै सीमित भयो।

आफ्नो परम्परागत निर्वाचनक्षेत्र इलाम-१ बाट तत्कालिन सत्तागठबन्धनको उम्मेदवार बनेका एकिकृत समाजवादीका सम्मानित नेता खनाल एमाले उम्मेदवार महेश बस्नेतबाट पराजित भएकाले प्रतिनिधि सभामा पुग्नसमेत यसपाली असफल भएका छन्।

यो निर्वाचनमा पराजित हुने खनाल एक्ला पूर्व प्रधानमन्त्री र सबैभन्दा शीर्ष नेता हुन्।

पराजित भएपनि खनाल कसैगरी प्रतिनिधि सभामा पुग्न चाहन्छन्। यो कुरा पुन मतगणनाको माग गर्दै अदालतमा उनले दायर गरेको मुद्दाबाट प्रष्ट हुन्छ।

२०७२ र २०७४ मा जस्तै राष्ट्रपति बन्ने चाहना त पक्कै मरिसकेको छैन। यो जिम्मेवारी आफूलाई प्राप्त हुने आशा पनि अब उनलाई छैन। किनभने, एमाले-माओवादी केन्द्रबीचको भागबण्डामा राष्ट्रपति एमालेको भागमा परिसकेको छ।

एमालेको भागमा परिसकेको राष्ट्रपतिको जिम्मेवारी एमालेबाटै विभाजित भएर बनेको एकिकृत समाजवादीका नेताले प्राप्त गरे भने त्यो 'आठौँ आश्चर्य' हुने खनालले पनि बुझेका छन्।

राष्ट्रपति बन्ने सम्भावना नदेखेका उनमा यही प्रतिनिधि सभाको सदस्य बन्ने चाहना भने जीवितै छ। जानकारहरुका भनाईमा, यसका लागि खनालले आफ्ना इलामे सहकर्मी सुवाष नेम्वाङ राष्ट्रपति बनेको देख्न चाहिरहेका छन्।

यहीकारण हुनसक्छ, निर्वाचनपछि खनाल एकिकृत समाजवादीका अन्य नेताहरुको तुलनामा एमालेप्रति अपेक्षाकृत नरम देखिन्छन्।

नेम्वाङ राष्ट्रपति उम्मेदवार बने भने उनी निर्वाचित इलाम-२ को प्रतिनिधि सभा सिट रिक्त हुनेछ। त्यो स्थितिमा इलाम-२ मा हुने उपनिर्वाचनबाट निर्वाचित हुने अवसर खनालले प्राप्त गर्न सक्छन्। यही कारण खनाल एमालेप्रति नरम बन्दै गएको चर्चा एमालेबृत्तमा चल्ने गरेको छ।

खनालजस्तै गत निर्वाचनमा पराजयका कारण प्रतिनिधि सभामा प्रवेश गर्न नपाएका अर्का शीर्ष नेता जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव हुन्।

गत निर्वाचनमा राष्ट्रिय मान्यता प्राप्त गरेका सबै दलका अध्यक्ष निर्वाचित भए। तर, यादवमात्र राष्ट्रिय मान्यता प्राप्त दलका 'अभागी अध्यक्ष' भए, जसले प्रतिनिधि सभामा विजय हासिल गर्न सकेनन्।

जनमत पार्टीका अध्यक्ष सिके राउतबाट उनी सप्तरी-२ मा पराजित भएका हुन्।



खनालजस्तै अध्यक्ष यादवपनि कुनै हिसावले प्रतिनिधि सभामा प्रवेश गर्न चाहेको र यही कारण नाटकीय रुपमा एमाले-माओवादी केन्द्रसहितको गठबन्धनमा सामेल भएको चर्चा एमाले बृत्तमा चल्न थालेको छ।

र, खनाल यादवलेपनि राष्ट्रपति-उपराष्ट्रपति निर्वाचनलाई नै प्रतिनिधि सभा प्रवेशको माध्यम बनाउन चाहेको बताइन्छ।

यस्तो चर्चाको कारण वर्तमान सत्तागठबन्धनमा जसपाको सहभागिता र संसदीय दलको नेतामा महासचिव रामसहायप्रसाद यादवको चयन हो।

भनिन्छ, संसदीय दलको नेता चयन भएपनि महासचिव रामसहायप्रसाद यादवलाई उपराष्ट्रपति बनाउन चाहन्छन्, अध्यक्ष यादव। त्यसो हुँदा संसदीय दलको नेताको पदमात्र रिक्त हुँदैन, उनी निर्वाचित बारा-२ को प्रतिनिधि सभाको सिटपनि रिक्त हुन्छ।

यादव उपराष्ट्रपति निर्वाचित हुन सके भने रिक्त हुने सो क्षेत्रमा उपनिर्वाचन हुनेछ। र, अध्यक्ष यादवले त्यहाँबाट प्रतिस्पर्धा गर्ने अवसर प्राप्त गर्नेछन्।

प्रतिनिधि सभामा निर्वाचित भएपछि विगतमा झैँ पार्टी संसदीय दलको नेताको हैसियत उपप्रधानमन्त्री बनेर सरकारमा जाने बाटो सहज हुन्छ। अशोक राईलाई अहिल्यै संसदीय दलको नेता चयन गर्दा त्यो सम्भावना कमजोर हुन्छ।

गत निर्वाचनमा बारा-२ बाट निर्वाचित जसपा महासचिव यादवका निकटतम प्रतिद्वन्द्वी माओवादी केन्द्रका शिवचन्द्रप्रसाद कुशवाहा थिए। विजयी यादवले १३ हजार ८ सय २२ मत प्राप्त गर्दा निकटतम प्रतिद्वन्द्वी कुशवाहालाई १३ हजार ४ सय ६८ मत प्राप्त भएको थियो।

अहिले एउटै गठबन्धनमा आवद्ध माओवादी केन्द्रको समेत साथ पाउँदा उपनिर्वाचनमार्फत् अध्यक्ष यादवलाई प्रतिनिधि सभामा निर्वाचित हुन कठिन हुने छैन।

उपनिर्वाचनमार्फत् प्रतिनिधि सभामा चयन हुने यही योजना अनुसार संघीय परिषदका अध्यक्ष राईको साटो महासचिव यादवलाई संसदीय दलको नेता चयन गरिएको हो।

अध्यक्ष यादवको अर्को कदमले पनि उनी उपनिर्वाचनमार्फत् प्रतिनिधि सभामा आउन चाहन्छन् भन्ने कुरालाई बल दिन्छ।

तत्कालिन सत्ता गठबन्धनमा अपेक्षा गरेअनुसार जसपाले उम्मेदवारी नपाउने भएपछि अध्यक्ष यादवले कांग्रेस-माओवादी केन्द्र-एकिकृत समाजवादी सहितको गठबन्धन छाडेर एमालेसँग गठबन्धन गरेका थिए।

तर, जब निर्वाचन समाप्त भयो, उनले एमालेसँगको सहकार्यपनि अन्त्य भएको सार्वजनिक घोषणा गरे।

कांग्रेस-माओवादी केन्द्र-एकिकृत समाजवादीसहितको गठबन्धनकै सरकार निर्माण हुने र जसपापनि त्यही गठबन्धनमा सहभागी भएर भागबण्डामा सामेल हुने योजना अनुसार अध्यक्ष यादवले एमालेसँगको सहकार्य समाप्त भएको घोषणा गरेका थिए।

तर, पहिलो चरणको प्रधानमन्त्री को बन्ने भन्ने विवादका कारण जब कांग्रेस-माओवादी केन्द्रबीचको

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# प्रचण्ड सरकार बन्दा भारत र अमेरिकामा संशय, चीनमा उत्साह

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई छिमेकी भारत र चीन, विकास साझेदार जापानदेखि दक्षिण एसियाका बंगलादेश, श्रीलंका र पाकिस्तानले पनि उच्च तहबाट बधाई तथा शुभकामना पठाएका छन्।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ प्रधानमन्त्री ली खछ्याङले पत्र नै पठाएर प्रचण्ड नेतृत्वको नयाँ सरकारसँग मिलेर काम गर्न तयार रहेको सन्देश दिएका छन्। दुवै छिमेकीका परराष्ट्र मन्त्रालयले नयाँ सरकारसँग मिलेर द्विपक्षीय सहकार्य अझ सुदृढ गर्न उत्सुक रहेको प्रतिक्रिया दिइसकेका छन्। अमेरिकी विदेश मन्त्रालयले पनि वक्तव्य निकालेर द्विपक्षीय सम्बन्ध सुदृढ गर्न नयाँ सरकारसँग काम गर्न तयार रहेको बताएको छ।

सञ्चारमाध्यममार्फत् अभिव्यक्त भारतीय कूटनीतिज्ञका धारणा हेर्दा उनीहरु प्रचण्ड नेतृत्वको सरकारप्रति केही सशंकित देखिन्छन्। वाम शक्तिबीच सत्ता गठबन्धनमा सहकार्य हुनुलाई नेपालको आन्तरिक घरेलु परिघटनाका रुपमा लिइरहेका छैनन् उनीहरु। बरु उनीहरु त्यसमा चीनको संलग्नता पनि देखिरहेका छन्।

काठमाडौंको पछिल्लो सत्ता गठबन्धन परिवर्तनलाई कतिपयले चीनको भूराजनीतिक विजय र भारतको हारका रुपमा समेत व्याख्या गरिदिएका छन्। यसरी व्याख्या गर्नेमध्येका एक हुन् नयाँ दिल्लीस्थित नेपाल मामिला विज्ञ एसडी मुनी। पूर्वराजदूतहरु रञ्जीत रे र राकेश सुद लगायतले चाहिँ नेपालमा जुनसुकै सरकार आए पनि भारतले मिलेर काम गर्नुपर्ने मध्यमार्गी विचार प्रकट गरेका छन्। यद्यपि, उनीहरुको पनि चिन्ता वामपन्थी शक्तिलाई उपयोग गरेर चीन नेपालमा हावी हुन गए भारतीय वर्चस्व गुम्ने हो कि भन्नेमै छ।

मंसिर ४ को निर्वाचनलगत्तै भारतीय राजदूत नवीन श्रीवास्तवको सक्रियता अस्वाभाविक देखिएको थियो। राजदूत श्रीवास्तव निर्वाचनलगत्तै दिल्ली पुगेर फर्किएका थिए। सम्भवतः भारत पनि देउवा नेतृत्वकै गठबन्धनले निरन्तरता पाउनेमा ढुक्क थियो। स्रोतका अनुसार भारतीय जासुसी संस्था रअका प्रतिनिधि सत्ता गठबन्धनका नेतासँग निरन्तर सम्पर्कमा थिए। उनीहरुले एमाले अध्यक्ष केपी ओलीसँग समेत निर्वाचनपछि दुई पटक भेटेको ओलीनिकट स्रोतको भनाइ छ। यद्यपि, नयाँ सरकार वामशक्तिकै वर्चस्वमा बनेपछि भारतीय विदेश मन्त्रालयका तर्फबाट नेपालसँग मिलेरै काम गरेर जान इच्छुक रहेको अभिव्यक्ति आएको छ। उता उत्तरी छिमेकी चीनका सरकारी विज्ञले प्रचण्डको नेतृत्वमा सरकार बनेसँगै नेपालमा घुस्ने र यहाँको राजनीतिलाई आफ्नो नियन्त्रणमा राख्ने अमेरिकी चाल असफल भएको व्याख्या गरेका छन्। नेपालमा वामपन्थी वर्चस्वको सरकार बनेकोमा चीनमा एक किसिमको उत्साह देखिन्छ। चिनियाँ विदेश मन्त्रालयले प्रचण्ड नेतृत्वको सरकारसँग बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) अन्तर्गत साझेदारी अझ सुदृढ गर्न चाहेको प्रतिक्रिया दिइसकेको छ यही साता।

चीनका कार्यवाहक राजदूत वाङ सिनले शुक्रबार मात्र प्रधानमन्त्री प्रचण्डलाई भेटेर चिनियाँ समकक्षी ली खछ्याङको सन्देश थमाएका छन्। प्रचण्ड नेतृत्वको सरकारले स्वाधीनता र स्वतन्त्रता सहित मुलुक हाँक्ने अपेक्षा चिनियाँ प्रधानमन्त्रीले लिएका छन्।

अमेरिका लगायत पश्चिमा मुलुकमा पनि नयाँ सरकारप्रति संशय देखिन्छ। अमेरिकी राजदूत डिन आर थम्पसनले निर्वाचन परिणाम आएलगत्तै कांग्रेस सभापति समेत रहेका तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासँग पटकपटक भेटेका थिए। उनले माओवादी अध्यक्ष प्रचण्डसँग पनि भेटेर सत्ता गठबन्धनबारे चासो राखिरहेका थिए। उनले कांग्रेस-माओवादी गठबन्धनको निरन्तरताका लागि लबिइङ गरेको बताइन्छ।

राजदूत थम्पसनले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलाई समेत भेटेर 'देउवा सरकारमा सहभागी हुनुहुन्छ कि हुनुहुन्न' भनेर चासो राख्न भ्याएका थिए। यसरी हेर्दा नेपालमा अमेरिकाले चाहेभन्दा विपरीत गठबन्धन बन्न पुगेको छ।

अमेरिकी राजदूत थम्पसनले प्रचण्डलाई तीन दिनअघि भेटेर नयाँ सरकारलाई बधाई दिँदै एमसीसी सहयोग परियोजना कार्यान्वयनमा सहयोग हुने अपेक्षा व्यक्त गरिसकेका छन्। देउवा नेतृत्वको पालामा माओवादी समेतको सहयोगमा एमसीसी पास भएको भन्दै माओवादीलाई पूर्वप्रतिबद्धता स्मरण गराएका थिए उनले। उनले नेपालको लोकतन्त्र र मानवअधिकारप्रतिको प्रतिबद्धतामा कमी नआउने विश्वास व्यक्त गरेका छन्। पश्चिमा सञ्चारमाध्यमले चीन र भारतको नेपालमा प्रभाव रहे पनि उनीहरुबीचको अस्वस्थ प्रतिस्पर्धाले नेपालमा नकारात्मक असर पर्न सक्ने विश्लेषण गरिरहेका छन्।

एक युरोपेली कूटनीतिज्ञले नेपालखबरसँगको कुराकानीमा नेपालमा वामपन्थी सरकार नबनोस् भन्ने चाहना अमेरिका र युरोपेली मुलुकको रहेको बताएका थिए। उनले वामपन्थी शक्ति पुनः सत्तामा आए चीन हावी हुने र त्यसले पश्चिमा प्रभाव घटाउने आफूहरुको बुझाइ रहेको बताएका थिए। तीन नयाँ राजनीतिक शक्तिहरु राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीको गठबन्धनमा भएको सहभागितालाई पनि चीन, भारत र पश्चिमा मुलुकले चासोका साथ लिएका छन्।

**फेरि शान्ति क्षेत्रको प्रस्ताव?**

नेपालमा जुनसुकै दलको नेतृत्वमा सरकार बने पनि आधारभूत रुपमा परराष्ट्र नीति बदलिँदैन। तर, विगतको अनुभवले के देखाउँछ भने नयाँ सरकार बन्नासाथ परराष्ट्र सम्बन्ध सञ्चालनको व्यहारमा भने भिन्नता आउँछ। किनकि नेपालको परराष्ट्र सम्बन्ध सञ्चालन मुलुकभित्रको





आन्तरिक राजनीतिक परिस्थिति र भूराजनीतिक अवस्थितिबाट प्रत्यक्ष र परोक्ष रुपमा प्रभावित हुने गरेको छ।

एक साताअघि मात्रै प्रचण्डले सत्ताको बागडोर सम्हालेका छन्। अबका दिनमा प्रचण्ड नेतृत्वको सरकारले आन्तरिक राजनीतिक एकता सुदृढ गर्दै विदेश नीतिमा कस्तो व्यवहार प्रदर्शन गर्छ भन्ने चासो सबैतिर छ। सत्ता गठबन्धनले नयाँ सरकारको नीति तथा कार्यक्रम चाँडै ल्याउँदैछ। त्यसमा परराष्ट्र सम्बन्ध सञ्चालनबारे पनि उल्लेख हुनेछ।

सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रका विदेश विभाग उपप्रमुख राम कार्की अहिलेको सरकारले पनि असंलग्न र तटस्थतामा आधारित परराष्ट्र नीति नै अघि बढाउने बताउँछन्। परिवर्तित भूराजनीतिक अवस्थामा असंलग्नताको सिद्धान्तलाई नेपालले नयाँ ढंगले परिभाषित गर्नुपर्ने र त्यसैअनुसार विदेश सम्बन्ध सञ्चालन गर्नुपर्ने उनको भनाइ छ।

'मैले लामो समयदेखि बताउँदै आएको र हाम्रो पार्टीले चुनावी घोषणा पत्रमा उल्लेख गरेअनुसार परिवर्तित विश्व परिस्थितिमा नेपालले शान्ति क्षेत्रको प्रस्तावलाई अघि बढाउनुपर्छ,' उनले भने।

कार्कीले विश्व शक्तिराष्ट्र अमेरिका र चीनबीचको शक्तिको होडबाजी र भारतको अमेरिकातर्फको बढ्दो सामरिक निकटताले नेपाललाई प्रत्यक्ष असर पार्ने बताए।

'विगतमा रुस र अमेरिकाबीच शीतयुद्ध चल्दा नेपाललाई खासै असर परेन किनकि हामी टाढा रह्यौं दुवै देशबाट भौगोलिक हिसाबले। तर अहिलेको प्रतिस्पर्धा अमेरिका र चीनका बीचमा छ। हामी चीनको छिमेकी छौं। अर्कोतिर भारत विस्तारै अमेरिकासँग रणनीतिक रुपमा निकट हुँदैछ। त्यसैले ठूला मुलुकको बीचको द्वन्द्वको सिधा असर हामीकहाँ पर्छ। त्यसकारण हामी अमेरिका र चीन दुवैको रणनीतिक धुरीमा कुनै पनि रुपमा नफस्ने खालको परराष्ट्र सम्बन्ध र व्यवहार कायम गर्न सक्नुपर्छ। आजको हाम्रो मुख्य चुनौती यही हो,' कार्कीले भने।

उनले शक्तिराष्ट्रका सामरिक स्वार्थबाट बच्न नेपालले शान्ति क्षेत्रको प्रस्ताव अघि बढाएर समर्थन हासिल गर्न व्यावहारिक हुने बताए।

परराष्ट्र सम्बन्ध सञ्चालन गर्दा छिमेक मामिलामा पनि नेपाल सचेत हुनुपर्ने कार्कीले बताए।

'भारत र चीनले अघि बढाउने छिमेक नीति, जहाँ उनीहरुको घर्षण छ, त्यसबाट बच्नुपर्छ। तर उनीहरुबीचको स्वस्थ्य सहकार्यबाट चाहिँ फाइदा लिनेतर्फ जानुपर्छ। त्यहीअनुसार नीति अख्तियार गर्नुपर्छ,' उनले भने।

कार्कीले परराष्ट्र नीतिमा परिमार्जनको बहस भइरहँदा नेपालको बाह्य सहायता नीति वा विकास रणनीति पनि स्पष्ट पार्नुपर्ने समय आएको बताए। नेपालले निर्धारण गरेका प्राथमिकताका क्षेत्रमा मात्रै बाह्य सहयोग लिइनुपर्ने उनको भनाइ छ।

'हामी यो क्षेत्रमा ऋण लिन्छौं, यसमा अनुदान मात्रै लिन्छौं भनेर स्पष्ट बताउनुपर्छ ठूला देशहरुलाई,' कार्कीले थपे।

**नेकपाकालीन विदेशनीति ब्यूँतिने**

नयाँ गठबन्धन सरकारको परराष्ट्र नीति सञ्चालन पूर्ववर्ती देउवा सरकारका पालामा भन्दा भिन्न रहने संकेत देखिएको छ। तत्कालीन ओली नेतृत्वको नेकपा सरकारका पालाको विदेश नीति सञ्चालनको तौरतरिका र व्यवहार ब्यूँतिने संकेत एमाले नेताले गरेका छन्।

ओली सरकारले 'सबैसँग मित्रता, छैन कसैसँग पनि शत्रुता (एमिटी विद अल एन्मिटी विद नन)' भन्ने नारा सहित परराष्ट्र नीति सञ्चालन गरेको थियो। त्यही व्यवहार अहिले पनि सान्दर्भिक रहेको एमालेको बुझाइ छ।

'अघिल्लो सरकारका पालामा परराष्ट्र सम्बन्ध सञ्चालन खल्बल्याउने काम भयो। अब यो सरकारले सम्बन्धलाई ट्याकमा ल्याउनेछ। सबै मित्रराष्ट्रसँग वैरभाव नराखी सन्तुलित विदेश सम्बन्ध कायम गरिनेछ,' एमालेका विदेश विभाग प्रमुख डा. राजन भट्टराईले नेपालखबरसँग भने।

देउवा सरकारका पालामा माओवादी सत्ता साझेदार भए पनि परराष्ट्र मामिलाको चाबी कांग्रेससँगै रह्यो। राजदूत नियुक्तिमा भागबण्डा गर्दाबाहेक मुलुकको परराष्ट्र नीति सञ्चालनका प्रधान विषयमा कांग्रेस पुरै हावी रह्यो। कार्यकारी प्रमुख, रक्षा र परराष्ट्र मन्त्रालयको बागडोर कांग्रेसको हातमा थियो। त्यसैगरी आन्तरिक र बाह्य सुरक्षामा समेत अहम् भूमिका खेल्ने गृह मन्त्रालय पनि कांग्रेसकै हातमा रह्यो।

**देउवा सरकारको गल्ती सुधार्छौं : एमाले**

डा. भट्टराईले कांग्रेस नेतृत्वको सरकारका पालामा छिमेकी मुलुकका विरुद्ध आफ्नो मुलुकको भूमि दुरुपयोग भएको आरोप लगाउँदै अब त्यस्ता गल्ती गर्न नहुने बताए।

'हाम्रो मुलुकको भूभाग कसैका विरुद्ध प्रयोग हुन दिँदैनौं भनेर लामो समयदेखि भनिआयौं। तर हामीले एउटा देशका नागरिक शरणार्थी भएर बसेका ठाउँमा अर्को देशको मन्त्रीलाई ल्याएर भ्रमण गरायौं। यसो गर्दा अर्को देशका विरुद्ध हाम्रो भूमि प्रयोग हुँदैन भन्नेमा शंका उब्जिन गयो,' उनले भने।

अमेरिकी उपविदेशमन्त्री तथा तिब्बत मामिला विशेष संयोजक उज्रा जियाले गत मे महिनामा नेपाल आउँदा नेपाल सरकारको अनुमतिमै काठमाडौंस्थित तिब्बती शरणार्थी शिविरको भ्रमण गरेकी थिइन्। उक्त भ्रमण नेपालको एक चीन नीतिविपरीत रहेको भन्दै एमालेले त्यसबेला पनि विरोध जनाएको थियो। चीनले अमेरिकी अधिकारीको तिब्बती शिविरमा भएको भ्रमणको नेपालसमक्ष विरोध जनाएको परराष्ट्र अधिकारीहरु बताउँछन्।

**आईपीएसबारे धारणा बनाउने**

अमेरिकाले अघि बढाएको सैन्य रणनीति इन्डो-प्यासिफिक रणनीति (आईपीएस) के हो भन्नेबारे पनि अबको सरकारले थप छलफल गर्ने भएको छ।

'इन्डो-प्यासिफकको सोच के हो, त्यसको बारेमा पनि हाम्रो धारणा अब प्रस्ट पार्ने काम हुनेछ,' डा. भट्टराईले भने।

भट्टराईले छिमेकीले गरेका कतिपय ज्यादतीलाई पनि नेपालले आँखा चिम्लिएको वा स्पष्ट प्रतिवाद गर्न नसकेको अवस्था देउवा सरकारको पालामा देखिएको र अब त्यसलाई सच्याउनुपर्ने बताए।

'भारतसँग सीमा जोडिएको दार्चुलामा नेपालमाथि थुप्रै ज्यादतीका घटना भए। तर त्यसको हामीले राम्रोसँग कुरा उठाउन चुक्यौं,' उनले भने।

त्यसैगरी भारतसँगको सीमा समस्यालाई पनि संवादका साथ अघि बढाउने नीति सत्ता गठबन्धनको रहेको भट्टराईले बताए।

'भारतसँग वार्तामार्फत् सीमा समस्या टुंगोमा पुर्याउनुपर्छ। त्यसका लागि संवादलाई अघि बढाउनुपर्नेछ। अघिल्लो सरकारका पालामा त्यसतर्फ कुनै काम भएन,' उनले भने।

**बीआरआई सहितका सहमति कार्यान्वयनमा लगिने**

प्रचण्ड नेतृत्वको सरकारले छिमेकी चीन लगायत विभिन्न मुलुकसँग भएको सहमति र सम्झौता कार्यान्वयनमा लैजान गृहकार्य गर्ने उनले बताए। चीनले अघि बढाएको बेल्ट एन्ड रोड अवधारणा अन्तर्गत अघि बढाउने सहमति भएका परियोजनामा देउवा सरकारले आँखा चिम्लेको थियो। बीआरआई अन्तर्गत ऋण सहयोग लिन नसकिने बताएर उक्त सरकारले बीआरआई अन्तर्गतको सहकार्य 'होल्ड'मा राखिदिएको थियो। जसबाट चीन असन्तुष्ट बनेको थियो।

बाह्य लगानी भित्र्याउने र व्यापार घाटा घटाउने लक्ष्य पनि आर्थिक कूटनीतिको प्राथमिकतामा रहने डा. भट्टराईले बताए। त्यसैगरी देउवा नेतृत्वको सरकारका पालामा असंलग्न परराष्ट्र नीति र तटस्थमा आशंका उब्जिएको उनको भनाइ छ। 'युक्रेन मामिलामा पनि हाम्रो तटस्थ परराष्ट्र नीतिभन्दा अलग नीति अघिल्लो सरकारले देखायो। त्यसले मुलुकको तटस्थ परराष्ट्र नीतिमा आशंका जन्माउने काम भयो। त्यसलाई सच्याउनुपर्छ,' उनले भने। *नेपालखबरबाट*

# सांसद बन्ने यस्तो छ...

गठबन्धन तोडियो र विकल्पमा एमाले-माओवादी केन्द्रसहितको गठबन्धन निर्माण भयो, 'एमालेसँगको सहकार्य समाप्त भयो' भन्ने घोषणा गरिसकेका यादवपनि एमाले-माओवादी केन्द्रसहितको गठबन्धनमा जसपालाई सामेल गराउन आइपुगे। उनको यो 'क्विक डिसिजन' को कारण महासचिव यादवलाई उपराष्ट्रपति बनाउने र त्यसपछि खालि हुने बारा-२ मा आफै उम्मेदवार बनेर प्रतिनिधि सभामा छिर्ने योजना पनि हो।

पछिल्ला दुई निर्वाचन (२०७२ र २०७४) मा मधेशी समुदायका व्यक्तित्वले राष्ट्रपति र उपराष्ट्रपति बन्ने अवसर प्राप्त गरेनन्। त्यसैले, यसपटक कम्तिमा उपराष्ट्रपति यो समुदायबाट बन्ने सम्भावना ज्यादा छ।

त्यसो हुँदा सत्तागठबन्धनबाट जसपाकै उम्मेदवार उपराष्ट्रपतिका उम्मेदवार बन्ने सम्भावना ज्यादा रहन्छ। राष्ट्रपति-उपराष्ट्रपति निर्वाचनमा जसपाको मतभार २ हजार भन्दा बढी भएकाले पनि यो दललाई सुनुवाई गर्नुपर्ने बाध्यता सत्तागठबन्धनलाई छ।

जसपाबाट उपराष्ट्रपतिको उम्मेदवारी हुने स्थिति बन्नासाथ अध्यक्ष यादवको पहिलो छनोटमा महासचिव यादव पर्नेछन्।

तर, एमालेबाट नेम्वाङ वा अर्को कुनै पुरुष व्यक्तित्व राष्ट्रपति निर्वाचित भएको अवस्थामा महासचिव यादव उपराष्ट्रपतिको उम्मेदवार बन्न सक्ने छैनन्। *नेपालखबरबाट*

# तीन दिन देशभर चिसो धेरै बढ्ने, सावधानी अपनाउन विज्ञको सुझाव

**खबर दर्पण समाचारदाता**
**पुस १७ गते, महेन्द्रनगर**

आगामी तीन दिन देशभर अत्यधिक चिसो बढ्ने भन्दै बिहानको समयमा बाहिरी चहलपहल कम गर्न विज्ञहरूले सुझाव दिएका छन्। विज्ञहरूले पश्चिमी वायुको प्रभावका कारण तराई र केही पहाडी क्षेत्रमा मौसम प्रतिकूल देखिएको भन्दै आवश्यक सावधानी अपनाउन आग्रह गरेका हुन्।

केही दिनयता देशभर बाक्लो हुस्सु लाग्ने चिसोको उत्तारचढाव भइरहेको छ। आगामी तीन दिनसम्म देशका अधिकांश स्थानमा शीतलहरको सम्भावना रहेकाले आवश्यक सावधानी अपनाउन विज्ञहरुको सुझाव छ।

न्युज एजेन्सी नेपालसँग कुरा गर्दै जलवायु तथा विपद् विज्ञ डा. धर्मराज उप्रेतीले पश्चिमी वायुका कारण चिसो बढिरहेको बताए। उनले आजदेखि तीन दिनसम्म देशको अधिकांश भागमा शीतलहरको सम्भावना रहेको भन्दै आवश्यक सावधानी अपनाउन आग्रह गरे।

उनले अबका केही दिनमा चिसो अत्यधिक बढ्ने भन्दै बालबालिका, वृद्धवृद्धा, दीर्घरोगी, मुटुका रोगीहरुले बिहानको समयमा घरबाहिर निस्किनु उचित नहुने बताए।

उनले पश्चिम बंगालमा सिर्जना भएको न्यून चापीय अवस्था र पश्चिमी वायुको प्रभावका कारण तुवाँलो लाग्ने, चिसो बढ्ने, हिमपात हुने सम्भावना रहेको पनि बताए। उनले मर्निङवाकमा सकेसम्म चिसोका बेला नजाने, सकेसम्म कोठामा नै योगाभ्यास गर्नुपर्ने बताए।

उनले फोक्सोको क्यानसरदेखि श्वासप्रश्वासमा समस्या, मुटुका बिरामीमा समस्या र बालबालिका र वृद्धवृद्धामा चिसोको असर बढी हुने बताए। जलवायु विज्ञ उप्रेतीले जनवरी, फ्रेब्रुअरी र मार्चमा न्युनतम तापक्रम औसत भन्दा तल हुने र वर्षा पनि कम हुने बताए। उनले हिउँदामा वर्षा कम र चिसो बढी भएको खण्डमा यसको सबैभन्दा बढी असर वायु प्रदूषणमा पर्ने बताए।

जलवायु विज्ञ डा. उप्रेतीले अहिले समुन्द्री सतहको तापक्रम औसतभन्दा कम रहेकाले चिसो बढिरहेको बताए। उनले न्यूनतम तापक्रम घट्दै जाँदा चिसो र शीतलहर बढाउने भएकाले जनवरी ४ सम्म देशको पश्चिमी भागमा यसको असर पर्ने भन्दै सचेत रहन आग्रह गरे।

तापक्रममा हुने परिवर्तन र वायुमण्डलमा हुने परिवर्तनका कारण विश्वको तापक्रमलाई असर गर्ने भन्दै नेपालले पनि चिसोबाट बच्न आवश्यक सतर्कता अपनाउनु जरुरी रहेको उनले बताए।

हिउँद महिनामा पानी नपर्दा वायुमण्डलमा प्रदूषण बढ्ने बताए। गत वर्षको यो सिजनमा पानी परिसकेको भए पनि यस वर्ष भने पानी नपरेकाले झनै समस्या सिर्जना हुनसक्ने बताए।

उनले मौसम अनुकूल नहुँदा पश्चिम तराईका केही जिल्लामा चिसोका कारण बिरामी हुने क्रम बढेको र आगामी दिनमा काठमाडौंसहित पहाडी जिल्लामा समेत यसको प्रभाव देखिने बताए। डा. उप्रेतीले देशभर चिसो बढेकाले बिहानको समयमा बाहिर हिँडडुल भरसक नगर्ने वा घरभित्रै व्यायाम गर्ने, न्यानो लुगा लगाउने, पानीमा धेरै बेर नभिज्ने सुझाव दिए।

उनले बिहान बाहिर हिँड्नै परे मास्कको प्रयोग गर्ने, आगो ताप्दा झ्यालरढोका खोलेर वा पर्याप्त हावा ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर ताप्ने, गाडी चलाउँदा गति सिमित हुनेगरी चलाउने र फोग लाइटको प्रयोग गर्ने, विद्यालयमा केही दिन बिदा वा प्रविधिको प्रयोग गरी सम्भव भएसम्म अनलाइन कक्षा सञ्चालन गर्नुपर्ने सुझाव दिए।

# जनकपुरधाम आउने भारतीय पर्यटकहरूको सख्यामा अत्यधिक मात्रामा वृद्धि



**खबर दर्पण समाचारदाता**
**पुस १७ गते, जनकपुर**

इस्वी संवत् २०२३ मनाउन जनकपुरधाम आउने भारतीय पर्यटकहरूको सङ्ख्यामा अत्यधिक मात्रामा वृद्धि भएको छ ।

नयाँ वर्ष मनाउनका लागि भारतको विहार, उत्तर प्रदेश, मध्य प्रदेश, उत्तराखण्ड सहितको ठाउँबाट ठुलो सङ्ख्यामा पर्यटकहरू जनकपुरधाम आएका छन् ।

जनकपुरधामको जानकी मन्दिरमा बिहानदेखि नै भारतीय पर्यटकहरूको घुइँचो रहेको छ ।

भारतीय पर्यटकहरू नयाँ वर्षभन्दा एक दिन अगाडी अर्थात् शनिबार नै जनकपुरधाम आएर होटलमा बास बसेर आज बिहान जानकी मन्दिर, राममन्दिर सहितका मठ मन्दिरहरूमा पूँजाअराधना गरेका छन् । घर परिवारसहित नयाँ वर्ष मनाउनका लागि जनकपुरधामका होटलहरु शनिवारदेखि नै कतिपय भारतीय पर्यटकहरूले बुक गरेका थिए ।

नयाँ वर्षमा मन्दिरहरूमा पूजा पाठ गर्नाले विशेष फल प्राप्त हुने र वर्षभरि राम्रोसँग बित्ने भएकाले भारतको विभिन्न भागबाट आफ्नो सवारी साधन लिएर भारतीय पर्यटकहरू जनकपुरधाम आउने गरेका छन् ।

भारतीय पर्यटकहरूको सवारी साधनको व्यवस्थापनमा बिहानदेखि नै ट्राफिक प्रहरी लागिपरेको छ । कतिपय पर्यटकहरू बिहान आउने र दिउँसो तीर फर्किने गरेका छन् ।

यता जनकपुरधाममा पूजापाठ तथा रमाइलो गर्नका लागि धनुषाको जटही नाकाबाट नेपाल आउने कतिपय पर्यटकहरूलाई भन्सार दर्तामा लाइन बस्नुपर्ने समस्या भएकाले नाकाबाट फर्केको गुनासो गरेका थिए । जटही नाकामा एक वटा मात्र काउन्टर भएकाले सवारी साधनको दर्ता गराउनमा दुई घण्टा लाइन लागेकाले असहजता उत्पन्न भएको पर्यटकहरू बताउँछन् ।

यसैगरि महोत्तरीका भिठामोड नाकाबाट भारतीय पर्यटकहरू ठूलो सङ्ख्यामा नेपाल प्रवेश गर्नुभएको छ । नयाँ वर्ष शुरु हुनुभन्दा अगाडीदेखि नै जनकपुरधाममा भारतीय पर्यटकहरूको आगमनमा वृद्धि भए पनि नयाँ वर्ष मनाउनका लागि अझै ठूलो सङ्ख्यामा पर्यटकहरू जनकपुरधाम आइपुगेको छ ।

यसैगरि अङ्ग्रेजी नयाँ वर्षमा वनभोज खानेहरूको सङ्ख्या पनि जनकपुरधामका पर्यटकीय स्थलहरूमा अत्यधिक मात्रामा देखिएको छ । जनकपुरधामको कवर्ड हल, मानव सुशासन विकास केन्द्रको क्षेत्र, दुग्धमति क्षेत्र, धनुषाको परशुराम तलाउ, धनुषाधाम, मिथिला नगरपालिकाको पोखरीया, गणेशमान चारनाथ नगरपालिकाको कमलासहितको क्षेत्रमा वनभोज गर्ने तथा रमाइलो गर्नेको बिहानदेखि नै भिड रहेको छ ।

विगतको दुई वर्ष कोरोना महामारी अत्यधिक मात्रामा भएका कारणले भारतीय पर्यटकहरू कम मात्रामा नयाँ वर्ष मनाउनका लागि नेपाल आएका थिए ।

# ‘बाँके जंगल’मा किन हुन्छ पटक–पटक दुर्घटना?

**जर्नादन पोखरेल**
**पुस १७ गते, सर्लाही**

सर्लाही र महोत्तरीको सीमा भएर बाँके खोला बग्छ। पूर्वपश्चिम राजमार्गमा पर्ने यही बाँके खोलाकै नामले यस क्षेत्रको जंगललाई पनि ‘बाँके जंगल’ भन्ने गरिएको छ।

पूर्वपश्चिम राजमार्गमा यात्रा गर्दा सर्लाहीको फूलजोरदेखि महोत्तरीको बर्दिबास पुग्न २४ किलोमिटर घना जंगल छिचोल्नुपर्छ। त्यसमध्ये करिब १५ किलोमिटर वन क्षेत्र बाँके जंगलको रुपमा परिचित छ। यो घना जंगल क्षेत्रमा पटक पटक सवारी दुर्घटना हुने गर्छ।

शुक्रबार राति पनि बाँके जंगलमै भएको मोटरसाइकल दुर्घटनामा एकजना सव इन्जिनियरले ज्यान गुमाएका छन्।

गएराति करिब १० बजे सरकारी नम्बर प्लेट भएको ना १ ब २५५६ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा सर्लाहीको लालबन्दी नगरपालिकामा कार्यरत सव इन्जिनियर ३० वर्षीय रोशन यादवको मृत्यु भएको छ।

लालबन्दीमा डेरा गरी बस्दै आएका यादव सवार मोटरसाइकल ईश्वरपुर नगरपालिका-१२ स्थित बाँके जंगल क्षेत्रमा आफैं अनियन्त्रित भएर दुर्घटनामा परेको प्रहरीले जनाएको छ।



शुक्रबार राति बाँकेमा भएको मोटर साइकल दुर्घटनामा ज्यान गुमाउने सव-इन्जिनियर रोशन यादव।

शुक्रबार राति बाँकेमा भएको मोटर साइकल दुर्घटनामा ज्यान गुमाउने सव-इन्जिनियर रोशन यादव।

धनुषाको धनुषाधाम नगरपालिका-३ स्थायी घर भएका ३० वर्षीय यादव राति पौने १० बजे डेराबाट जनकपुर जान्छु भनि हिँडेका प्रहरी अनुसन्धानबाट खुलेको छ। यो चिसोमा त्यतिराति उनी किन जनकपुरतर्फ हिँडेका थिए खुलिसकेको छैन।

यादवले गत वर्षमात्रै विवाह गरेका थिए। उनकी पत्नी सासुससुरासँग धनुषाधामस्थित आफ्नै घरमा बस्दै आएकी छन्।

‘लालबन्दीस्थित डेराबाट राति करिब पौने १० बजे उहाँ जनकपुर जान्छु भनेर हिँड्नु भएको रहेछ,’ यादवसँगै डेरामा बस्ने लालबन्दी नगरपालिकाकै एक कर्मचारीको भनाई उद्धृत गर्दै इलाका प्रहरी कार्यालय बयलबास केशरजञ्जका प्रहरी निरीक्षक रोशन थापाले भने, ‘जनकपुर जानै पर्ने भएपनि बेलैमा नगएर यो चिसोमा त्यति राति उहाँ किन हिँड्नु भयो खुलेको छैन। हामी अनुसन्धान गरिरहेका छौँ।’

विगत केही दिनदेखि तराई मधेशका जिल्लामा बाक्लो हुस्सुसहित शितलहर चलिरहेको छ। दिउँसो सामान्य घाम लाग्ने गरेपनि साँझ बिहान भने हुस्सु कुहिरोले सडक पनि राम्ररी देखिँदैन। यो अवस्थामा सवारी दुर्घटनाको जोखिम अझ धेरै हुन्छ।

सामान्य मौसममा पनि बाँके जंगल धेरै दुर्घटना हुने क्षेत्रमा पर्छ। सर्लाही र महोत्तरीमा सवारी दुर्घटना हुँदा बाँके जंगलको नाम धेरै आउँछ। यस क्षेत्रमा भएका सवारी दुर्घटनामा धेरैले ज्यान गुमाइसकेका छन्। बाँकेमा साना ठूला दर्जनौं दुर्घटना भइसकेका छन्।

# मिथिला सागरमा पर्यटकको भीड



**ढल्केवर**/ इस्वी नयाँ वर्षको अवसरमा धनुषाको ढल्केवरस्थित पर्यटकीय स्थल मिथिला सागरमा आन्तरिक पर्यटक तथा पिकनिक (वनभोज) मनाउनेहरुको भीड लागेको छ ।

मधेश प्रदेशकै प्रमुख पर्यटकीय स्थलका रुपमा विकसित भइरहेको मिथिला सागरमा टाढा(टाढाका पर्यटक घुम्न तथा पिकनिक (वनभोज) मनाउन आएका छन् ।

नयाँ वर्षको शुभकमना आदानप्रदान गर्न र सामूहिकरुपमा पिकनिक खाँदै रमाइलो गर्न पर्यटकहरु यहाँ आएका हुन् । पर्यटकको बढ्दो उपस्थिति ध्यानमा राख्दै मिथिला सागर संरक्षण समितिले मिथिला सागर क्षेत्रको सौन्दर्यकरण, सरसफाइ, खानेपानी र सुरक्षा व्यवस्था कडा बनाएको छ ।

ढल्केवर चोकबाट तीन किलोमिटर उत्तरमा पर्ने मिथिला सागर पर्दछ । पोखरी दमार सामुदायिक वन क्षेत्रमा रहेको मिथिला सागरमा दुई सयभन्दा बढी समूह पिकनिकका लागि आएको संरक्षण समितिका पदाधिकारी देवराज घिमिरले बताउनुभयो ।

उहाँले अघिल्लो अंग्रेजी नयाँ वर्षको तुलनामा यसवर्ष अधिक सङ्ख्यामा पर्यटक आएको जानकारी दिनुभयो । यस पर्यटकीय स्थलमा देशका विभिन्न स्थान र भारतबाट समेत पर्यटक आएका छन् ।

वर्षको सुरुका दिनमा रमाइलो गर्दा वर्षभरी खुशी मिल्ने विश्वासमा नयाँ वर्षलाई विशेष महत्व दिने गरिएको पाइन्छ ।

जिल्लाको ढल्केवरस्थित मिथिला सागर, कमला नदी, लालगढलगायत पर्यटकीय स्थलमा समेत आन्तरिक पर्यटक तथा पिकनिक मनाउनेहरुको भीड छ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा